# पाठ ७: पात्रहरूलाई प्रसारण गराऔँ

## पाठको अन्त्यसम्ममा विद्यार्थीहरुले यी कुरा गर्न सक्ने छन्

✓ broadcast ब्लकको प्रयोग गरी घटनाहरु बिच तालमेल मिलाउन

## कक्षा भन्दा अघि गर्नु पर्ने तयारी

✓ विद्यार्थी गाइडमा यस पाठको अध्ययन गर्नुहोस् र त्यहाँ दिईएका क्रियाकलापहरू आफैले गरेर हेर्नुहोस्।

✓ लेख्नका लागी सेतोपाटी र मार्कर तयार राख्नुहोस्।

✓ पाठ्य योजना पढ्नुहोस् र भित्र लिंक गरिएका भिडियोहरू हेर्नुहोस्। यी भिडियोहरू शिक्षकहरूलाई यी पाठहरू सञ्चालन गर्ने क्रममा स्क्र्याच सिक्न मदत गर्ने उद्देश्यले बनाइएका हुन्।

✓ प्रत्येक विद्यार्थी अकाउन्टको युजरनेम र पासवर्डको सूची बनाउनुहोस्। केही विद्यार्थीहरुलाई आफ्नो युजरनेम र पासवर्ड याद नहुन सक्छ।

✓ विद्यार्थीहरूले प्रयोग गर्ने सबै कम्प्युटरमा इन्टरनेट राम्रोसँग चल्छ भनेर सुनिश्चित गर्नुहोस्।

SCRATCH FOUNDATION

Karkhana Samuha

## ०. विद्यार्थी गाइड खोलौँ (५ मिनेट)

- ✓ विद्यार्थीहरूलाई एड्रेस बारमा यो छोटो URL टाइप गरेर **एन्टर(Enter)** थिच्न भन्नुहोस्: cd8.notion.site यस पेजमा विद्यार्थी गाइडका सबै पाठहरू उपलब्ध छन्।

नोट: विद्यार्थीहरूले प्राय: URL टाइप गर्दा त्रुटिहरू गर्ने गर्छन्; जस्तै स्पेस थप्ने र एड्रेस बारको सट्टा गुगल सर्च बारमा टाइप गर्ने।

## 1. डिबग गरौँ (१० मिनेट)

विद्यार्थीहरूलाई गाइडको सातौँ पाठ खोल्न भन्नुहोस् र **डिबग गरेर सुरू गरौँ!** खण्ड पढ्न भन्नुहोस्।

गाइडमा दिईएका दुई मध्ये कुनै एक प्रोजेक्टलाई डिबग गर्न भन्नुहोस्।

- ✓ आवश्यक भए सुझाव दिनुहोस् तर सिधै समाधान नदिनुहोस्।
- ✓ विद्यार्थीहरू आफ्नो प्रोजेक्ट डिबग गर्न नभ्याउँदा कुनै समस्या हुन्न। उनीहरूले त्रुटीहरु पहिचान गर्न र सच्च्याउन खोज्नु महत्वपुर्ण हो।
- ✓ केही विद्यार्थीहरूले आफ्ना साथीहरूभन्दा चाँडै प्रोजेक्ट डिबग गर्नेछन्। उनीहरूलाई अर्को प्रोजेक्ट पनि डिबग गर्न दिनुहोस्।

## 2. तयारी गरौँ (५ मिनेट)

विद्यार्थीहरूलाई **पाठका लागी तयारी गरौँ** खण्डसम्म पढ्न आग्रह गर्नुहोस्। उनीहरुले यी कामहरु गर्नु पर्ने हुन्छ।

- ✓ स्क्र्याच अकाउन्टमा साइन-इन(प्रवेश)
- ✓ अधिक स्पष्टता भएका ब्लकहरूको प्रयोग
  काला अक्षरमा लेखिएका यी ब्लकहरु पढ्न सजिलो हुन्छन।
- ✓ ब्याकप्याकसँग प्रयोग
  विद्यार्थीहरूलाई उनीहरूको ब्याकप्याक भित्र के छ जाँच गर्न भन्नुहोस्। यो सरल अभ्यासले उनीहरुलाई ब्याकप्याक प्रयोग गर्न याद गराउँछ।

## 3. केही उदाहरणहरूसँग खेलेर हेरौँ (१५ मिनेट)

विद्यार्थीहरूलाई गाइडको **केही उदाहरणहरूसँग खेलेर हेरौँ** खण्ड पढ्न भन्नुहोस्। विद्यार्थीहरूले दिईएका दुईवटा प्रोजेक्ट मध्ये कुनै एक चलाएर हेर्न भन्नुहोस्।

- ✓ केही विद्यार्थीलाई प्रोजेक्ट पेजमा दिईएका निर्देशन बुझ्न गाह्रो हुन सक्छ। आवश्यक भएमा संक्षेपमा व्याख्या गर्नुहोस्।
- ✓ विद्यार्थीहरूलाई प्रोजेक्टको "भित्र हेर्न" भन्नुहोस्। त्यहाँ दिईएको कोडसँग खेलेर, त्यसलाई परिवर्तन गरेर केही फरक कुरा बनाउन भन्नुहोस्।
- ✓ पेज ४ मा भएको चित्रले broadcast ब्लकको काम गर्ने तरिका बुझ्न सहयोग गर्छ।

यस पाठमा सिकाईको मुख्य बिषय [प्रसारण(broadcasting)]() हो। यसको अर्थ एउटा स्प्राइटले आफू लगायत सबै स्प्राइट र ब्याक्ड्रपहरुले पाउने गरी संदेश पठाउनु हो। त्यो संदेश केही कार्य गर्ने संकेत हुन्छ।

- ✓ यदि केही विद्यार्थीले आफूले छानेको प्रोजेक्टमा काम गरी भ्याए भने उनीहरूलाई अर्को उदाहरणसँग पनि खेल्न भन्नुहोस्।

## 4. कथा बनाऔं (४० मिनेट)

विद्यार्थीहरूलाई गाइडको **केही कथाहरु बनाऔं** शिर्षकको खण्ड पढ्न भन्नुहोस्। विद्यार्थीहरुलाई कथा बनाउन सहयोग होस् भनेर तीनवटा विषय दिईएका छन्। उनीहरुले आफूलाई मन लागेको अरु कुनै विषयमा कथा बनाउन पनि सक्छन्।

- ✓ विद्यार्थीहरूलाई **प्रसारण (broadcasting)** को प्रयोग गर्न भन्नुहोस्। अघिल्लो पाठहरूमा उनीहरूले wait ब्लक प्रयोग गरेर स्प्राइटहरूलाई रोकाइ तिनीहरु बिच तालमेल बनाएका थिए। **broadcast** ब्लकहरूले यो काम सजिलै गर्न मद्दत पुर्याउँछ।
- ✓ उनीहरूलाई अलमल भएको अवस्थामा एक पटक उदाहारणका रूपमा दिईएका प्रोजेक्टहरू फेरी चलाएर हेर्न भन्नुहोस्। उनीहरूलाई यी प्रश्नहरूमा विचार गर्न भन्नुहोस्:
  - ✎ तिम्रो कथामा हुने मुख्य घटनाहरू के के हुन्?
  - ✎ यी घटनाहरू कुन क्रममा घट्छन्?
- ✓ केही विद्यार्थीहरूले आफ्नो काम कक्षाका साथीहरु भन्दा छिटो सकाउन सक्छन्। उनीहरूलाई **गर्नका लागी थप रमाइला कुरा** खण्डमा काम गर्न भन्नुहोस्।

नोट: पठाइएका र प्राप्त गरिएका सन्देशहरूको नाम मेल खानु महत्त्वपूर्ण छ। सन्देशहरूलाई सजिलै चिनिने नाम दिँदा राम्रो हुन्छ; जस्तै apple , walk आदि।

## 5. थप रमाइला कुरा (अतिरिक्त क्रियाकलाप)

विद्यार्थीहरूलाई **गर्नका लागी थप रमाइला कुरा** खण्ड पढ्न आग्रह गर्नुहोस्। यस खण्डले तपाईंको कक्षामा फरक तहमा भएका विद्यार्थीलाई सँगै सिकाउन मद्दत गर्दछ। आफ्ना साथीहरू भन्दा छिटो प्रोजेक्ट सकेर बसेका विद्यार्थीहरूलाई स्प्राइटका डिजाइन सँग प्रयोग गर्न, हिँडेको जस्तो देखाउने कस्ट्यूमहरु बनाउन, वा इमोजीहरू जस्तै अनुहारका विभिन्न हाउभाउ बनाउन भन्नुहोस्।

कहिलेकाहीँ तपाईंले केही विद्यार्थीहरूका लागि पाठ दोहोर्याउनु पर्ने हुन सक्छ। यस्तो बेला अन्य विद्यार्थीहरूले यस विषयमा काम गर्न सक्छन्।

## 6. फर्केर हेरौं (१० मिनेट)

विद्यार्थीहरूलाई गाइडको **आजको पाठलाई फर्केर हेरौं** खण्ड पढ्न भन्नुहोस्। चिन्तनका लागी दुईवटा प्रश्नहरू दिइएका छन्। उनीहरूलाई यी प्रश्नहरूमा सोच्न र आफ्नो समूहको साथीसँग छलफल गर्न भन्नुहोस्। उनीहरूलाई आफ्ना विचारहरू नोट गर्न कलम र कागज उपलब्ध गराउँदा उपयोगी हुनेछ।

केही विद्यार्थीहरूलाई स्वेच्छा अनुसार आफ्ना विचार पुरै कक्षासँग साझा गर्न भन्नुहोस्।

नोट: यी प्रश्नहरूमा सोच-विचार गर्न विद्यार्थीहरूले समय लिनु आवश्यक छ। उनीहरूले आफ्ना साथीहरूले साझा गरेका विचारहरू सुन्नु पनि उत्तिकै महत्वपूर्ण छ।